# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

काठमाडौं भाद्र १८ गते ०८ साल

## भाग २

## अर्थविभागबाट प्रकाशित भएको सूचना

बेनी भोलेन्ट च्यारी टेबल सोसाइटीकामको प्रेसीडेन्ट मे. ज. अर्जुनशमशेर परेडतर्फ जानु-पर्ने भै सो कामको प्रेसीडेन्टमा अर्कै नियुक्त होस् भनी पठाउनुभएकाले भाइसप्रेसीडेन्ट श्रीबडागुरुज्यूलाई प्रेसीडेन्टमा नियुक्त हुन मन्जूर गर्न हुने नहुने केहो भनी लेखिपठाए कोमा ८२ वर्ष भैसकें अैलेसम्म बल्तल काम चलाइरहेको छु, बराबर बेरामी मात्र भैरहने हुनाले भाइसप्रेसीडेन्टसमेत अर्कै नियुक्त गर्नुभए बढिया होला भनी लेखि पठाउनुभए-को हुनाले सो प्रेसीडेन्टमा श्रीगुरु खगेन्द्रराज पण्डितज्यूलाई र भाइसप्रेसीडेन्टमा श्री गुरु छत्रनाथ पण्डितज्यूलाई श्रीमाननीय मन्त्रीजीबाट नियुक्त गर्नुभएको छ ।

गोरखापत्रछापाखानाबाट प्रकाशित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१ कारखानाका फोहोर मैलाहरू फाल्ने नष्ट गर्ने, दुर्गन्धबाट बचावट गर्ने भुईहँरू लाई किटाणु नाशक औषधी समेत राखी धुने, आवश्यक स्थानहरूमा रोगन वा वार्निस वा सफेद लगाउने,

(२) कारखानाको हरेक काम हुने कोठामा आवश्यक मात्रामा ताजा हवा, प्रकाश र उपयुक्त तापक्रमको प्रवन्ध हुनु पर्ने,

(३) काम गर्ने मजदूरहरूको सुविस्ता र स्वास्थको लागि हानिकारक ठहरिने किसिमको धुलो, दुषित धुवाँ, वाफ वा अरू दूषित पदार्थ कुनै काम गर्ने कोठामा जम्मा हुन नपाउने व्यवस्था हुनु पर्ने,

(४) काम हुने कोठामा स्वास्थमा हानी पुग्ने सम्भावना हुने गरी ज्यादा घुइँचो हुन नदिने,

(५) मजदूरहरूको लागी स्वास्थ दायक क्वार्टर, पिउने पानी र क्यान्टिनको पूरा पूरा व्यवस्था हुनु पर्ने,

(६) स्वास्थको दृष्टिले निश्चित गरिएको पाइखाना र पिशावखानाको र फिकदानीको प्रबन्ध हुनु पन,

(७) मेशीन कारखानाका खतरनाक भागहरूमा वार लगाउने वा बचाउको निमित्त अरू पर्याप्त प्रबन्ध हुनु पर्ने,

(८) मेशीनबाट हुन सक्ने खतरा र त्यसको लागी सतर्क रहनु पर्ने कुराहरूको बोध नगराई र सो मेशीन चलाउने तरिका बारे प्रशस्त तालिम नदिइ वा सो मेशीन बारे पूरा जानकारी प्राप्त व्यक्तिको रेखदेखमा नराखी अठार्ह बर्ष न नाघेका कुनै पनि केटाकेटीलाई खतरनाक मेशीनहरूमा काम लगा न नहुने,

(९) निर्माण कार्य हुँदा निस्कने चिज बस्तुका टुक्राहरूबाट र ज्यादा तेजिलो प्रकाशबाट हुने खतराबाट आँखालाई बचाउ गर्ने प्रबन्ध हुनु पर्ने,

(१०) कारखानामा आगलागी भएमा तत्कालै निभाउन सकिने साधनको प्रबन्ध गरी राख्नु पर्ने,

(११) कारखानामा हुने रोग वा दुर्घटनाको सूचना तोकिएको अधिकारी छेउ दिनु पर्ने,

(१२) मजदूरलाई सप्ताह र घण्टामा कुनै निश्चित समय भन्दा बढी काम गर्न बाध्य गर्न नहुने, कुनै तोकिएको समय भन्दा बढी काममा लगाएमा बढी ज्याला दिनुपर्ने, जलपानको लागी मध्यान्तरको प्रवन्ध हुनु पर्ने जनानाहरूलाई रातमा काममा लगाउनु नहुने, मजदूरहरूको लागी तोकिए बमोजिमको बिदा र प्रविडेण्ट फण्डको प्रवन्ध हुनु पर्ने,

E50

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१३) कारखानाको काम गर्दा शरिरमा घाउ चोट पटक लागेमा वा अङ्ग भङ्ग भएमा वा मृत्यु भएमा मजदूरलाई वा तीनका परिवारलाई दिनुपन क्षतिपूर्ति,

(१४) मजदूर सम्बन्धी स्वार्थ रक्षागर्ने हेतुले मज दूरहरूले संघ संस्था खोल्न पाउने, र

(१५) कल्याणकारी अफिसरहरूको नियुक्ति गर्ने।

कारखानाका मजदूर र मालीकका बिच हुने प्रत्येक झगडाको निर्णय मजदूरहरू मध्येबाट पठाइने १ जना प्रतिनिधि, कारखानाका मालीकहरूबाट पठाइने १ जना प्रतिनिधि र श्री ५ को सरकारबाट मनोनित १ जना व्यक्ति समेतको ट्राइबुनलबाट हुने व्यवस्था गरिएको छ त्यसरी उठेका कुनै झगडाका सम्बन्धमा अन्तिम निर्णय नभएसम्म मजदूरहरूले कुनै प्रकारको हडताल वा शलोडाउन हडताल गर्न निषेध गरिएकोछ। उक्त व्यवस्थाहरूबाट कारखानाका मालीक र मजदूरहरू सम्बन्धी समस्याहरू तत्कालै समूचित रूपबाट नभएता पनि अधिकांश रूपमा समाधान हुने आशा गरिएकोछ।

काठमाडौं
मितिः–

रणधीर सुब्बा
मन्त्री

आज्ञाले—
नयनबहादुर खत्री,
श्री ५ को सरकारका सचिव,
कानून तथा संसदीय प्रबन्ध मन्त्रालय।

## श्री ५ को सरकार
## कानून तथा संसदीय प्रबन्ध मन्त्रालयको सूचना

तल लेखिएको सल्लाहकार सभामा पेश भएको विधेयक हो ऐन होइन अतएव, यो जन साधारणले कानून सरह मान्नु पर्दैन।

श्री माननीय मन्त्री रणधीर सुब्बाले सल्लाहकार सभाको समक्ष पेश गनु-भएको तल लेखिएबमोजिमको जनप्रतिनिधित्व ऐनलाई संशोधन गन विधेयक नेपाल सल्लाहकार सभाका नियमहरूको नियम ८७ बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ।

६५९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।